# सन्दर्भ सामग्री सूची

## नेपाली


अधिकारी, हेमाङ्गराज र अन्य (सम्पा), वि सं २०६६, **प्रयोगात्मक नेपाली शब्दकोश,** तेस्रो संस्करण, काठमाडौं, विद्यार्थी प्रकाशन।

आमात्य, साफल्य, वि सं २०४५, **संस्कृति र संरक्षण**, काठमाडौं, माधुरी अमात्य।

आर डी र एल एल, वि सं २०२३, **नेपालका विभिन्न जाति र लोक गीत एक परिचय**, ललितपुर, जगदम्बा प्रकाशन।

खत्री, प्रेमकुमार, वि सं २०५०, **नेपाली समाज र संस्कृति**, तेस्रो संस्करण, काठमाडौं, पाठ्यक्रम विकास केन्द्र, त्रि वि।

गिरी, जीवेन्द्र देव (सम्पा), वि सं २०७२, **नेपाली लोकवार्ता**, काठमाडौं, ने प्र प्र।

गुरुङ, एम एम, सन् १९८३, **बिर्सिएको संस्कृति**, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन।

चामलिङ, पवन कुमार 'किरण' र अन्य (सम्पा), सन् १९९९, **निर्माण संस्कृति विशेषाङ्क**, वर्ष १९, अङ्क ३४, सिक्किम, निर्माण प्रकाशन।

जोशी, सत्यमोहन, वि सं २०३९, **नेपाली चाड-पर्व**, काठमाडौं, ने रा प्र प्र।

…................... वि सं २०२८, **कर्णाली लोक संस्कृति इतिहास**, खण्ड १, काठमाडौं, ने रा प्र प्र।

थापा, धर्मराज र हंसपुरे सुवेदी, सन् १९८५, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौं, पाठ्यक्रम विकास केन्द्र, त्रि वि।

दाहाल, मोहन पी, सन् २००१, **दार्जीलिङका नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन।

दिवस, तुलसी, वि सं २०३३, **नेपाली लोककथा : केही अध्ययन**, काठमाडौं, ने रा प्र प्र।

...................वि सं २०३५, **प्रदर्शनकारी धिमाल लोक-संस्कृति**, काठमाडौं, ने रा प्र प्र।

..................वि सं २०३५, **नेपाली लोक-संस्कृति-संगोष्ठी**, काठमाडौं, ने रा प्र प्र।

धरावासी, कृष्ण, वि सं २०५३, **लीला लेखन**, काठमाडौं, गणेशप्रसाद नेपाल ।

नेपाल, घनश्याम, सन् २००३, **नेपाली साहित्यको परिचयात्मक इतिहास**, पुनर्मुद्रण, सिक्किम, जनपक्ष प्रकाशन ।

................सन् २००५, **आख्यानका कुरा**, दोस्रो संस्करण, सिलगडी, एकता बुक् हाउस् प्रा लि ।

नेपाल, रत्नमणि (सम्पा), वि सं २०७६, **इन्द्राख्यान**, दार्जिलिङ, देशपद राई ।

पंगेनी, भवेश्वर (सम्पा), वि सं २०७५, **प्रज्ञा लोकवार्ता विवेचना**, काठमाडौं, ने प्र प्र ।

पन्थी, देवी, वि सं २०६१, **भारतीय नेपाली साहित्य र संस्कृतिको झलक**, नेपाल, आँखा स्वयंसेवी प्रकाशन सङ्घ ।

पराजुली, मोतीलाल र अन्य, वि सं २०६८, **नेपाली लोक साहित्यको रूपरेखा**, ललितपुर, साझा प्रकाशन।

...................वि सं २०६७, **नेपाली लोकगीतको आलोक**, काठमाडौं, रत्न पुस्तक भण्डार ।

पोखरेल, माधव प्रसाद (सम्पा), वि सं २०७६, **जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास**, दोस्रो ठेली, काठमाडौं, कमलमणि प्रकाशन ।

प्रधान, कुमार र अन्य (सम्पा), सन् २०११, **नेपाली लेखन शैली**, भारतीय भाषा संस्थान, मैसूर ।

प्रधान, प्रतापचन्द्र, सन् १९८३, **नेपाली कथावलोकन**, दार्जिलिङ, दीपा प्रकाशन ।

................सन् १९८३, **नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि**, दार्जिलिङ, दीपा प्रकाशन ।

................वि सं २०६९, **आयामिक कथाकार इन्द्रबहादुर राई**, काठमाडौं, भृकुटी एकेडेमिक पऽब्लिकेइश्अन् ।

बन्धु, चूडामणि, वि सं २०६६, **नेपाली लोकसाहित्य**, दोस्रो संस्करण, काठमाडौं, एकता बुक्स प्रा लि ।

...................वि सं २०२८, **कर्णाली लोक संस्कृति भाषा**, खण्ड ४, काठमाडौं, ने रा प्र प्र ।

..................वि सं २०६०, **नेपाली साहित्यको इतिहास,** खण्ड १, काठमाडौं, ने रा प्र प्र ।

बराल, ईश्वर (सम्पा), वि सं २०२९, **झ्यालबाट**, ललितपुर, साझा प्रकाशन ।

............... वि सं २०५५, **नेपाली साहित्य कोश**, काठमाडौं, ने रा प्र प्र ।

बराल, कृष्णहरि र नेत्र एटम, वि सं २०६६, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, तेस्रो संस्करण, ललितपुर, साझा प्रकाशन ।

बिष्ट, डोरबहादुर, वि सं २०५५, **सबै जातको फूलबारी**, ललितपुर, साझा प्रकाशन ।

भक्त राई (सम्पा), वि सं २०७८, **नेपाली लोकवार्ता**, भाग ८, काठमाडौं, लोकवार्ता परिषद् ।

रिमाल, प्रदीप, वि सं २०२८, **कर्णाली लोक संस्कृति**, **साहित्य सङ्गीत कला**, खण्ड ५, काठमाडौं, ने रा प्र प्र ।

रेग्मी, जगदीशचन्द्र, वि सं २०५०, **प्राचीन नेपाली संस्कृति**, दोस्रो संस्करण, काठमाडौं, साझा प्रकाशन ।

राई, इन्द्रबहादुर, सन् १९८१, **आज रमिता छ,** तेस्रो संस्करण, दार्जिलिङ, दार्जिलिङ ग्रन्थकार सहकारी समिति ।

.................सन् १९७१, **विपना कतिपय**, दोस्रो संस्करण, दार्जिलिङ, श्याम ब्रदर्स ।

………….. सन् १९७२, **कथास्था**, दार्जिलिङ, श्याम ब्रदर्स ।

.................सन् १९८९, **कठपुतलीको मन**, कलकत्ता, श्रीमती इन्द्र प्रधान ।

.................सन् १९९५, **पृष्ट पृष्ठ**, गान्तोक, सिक्किम साहित्य परिषद् ।

.................सन् २०१४, **सम्पूरक**, कालेबुङ, उपमा प्रकाशन ।

राई, असीत, सन् २००४, **भारतीय नेपाली साहित्यको इतिहास**, दार्जिलिङ, साझा पुस्तक प्रकाशन।

राई, विजयकुमार (सम्पा), सन् २००४, **इन्द्र सम्पूर्ण**, भाग १-५, नाम्ची, निर्माण प्रकाशन ।

राणा, युद्धवीर, सन् २००६, **नेपाली संस्कृति : हाम्रो अस्तित्व**, नाम्ची, निर्माण प्रकाशन ।

वज्राचार्य, पुण्यरत्न, वि सं २०२६, **हाम्रो चाड-पर्व**, दोस्रो संस्करण, काठमाडौं, रत्न पुस्तक भण्डार ।

वाइबा, एस एम, सन् २००८, **परम्परागत नेपाली लोकगीत-लोकसंस्कृति**, सिक्किम, निर्माण प्रकाशन ।

शर्मा, डिल्लीराज, वि सं २०५२, **नेपालबाहिर नेपाली साहित्य र संस्कृति**, ललितपुर, साझा प्रकाशन ।

शर्मा, जनकलाल, वि सं २०६७, **हाम्रो समाज : एक अध्ययन**, तेस्रो संस्करण, ललितपुर, साझा प्रकाशन।

शर्मा, नगेन्द्र, वि सं २०५२, **नेपाली जनजीवन**, ललितपुर, साझा प्रकाशन ।

श्रेष्ठ, कृष्णप्रकाश, वि सं २०४४, **स्थाननाम-कोश**, काठमाडौं, ने रा प्र प्र ।

श्रेष्ठ, तेजप्रकाश, वि सं २०६०, **नेपाली लोकसंस्कृति केही सम्पदा, केही परम्परा**, ललितपुर, साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम, 'सम्भव' र  मोहनराज शर्मा, वि सं २०६१, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, ललितपुर, साझा प्रकाशन ।

श्रेष्ठ, विहारीकृष्ण, वि सं २०२८, **कर्णाली लोक संस्कृति जन जीवन**, खण्ड ३, काठमाडौं, ने रा प्र प्र ।

सिंह, स्थिर जङ्गबहादुर,  वि सं २०२८, **कर्णाली लोक संस्कृति भौगोलिक दृष्टिकोण**, खण्ड २, काठमाडौं, ने रा प्र प्र।

सुवेदी, राजेन्द्र, वि सं २०५३, **नेपाली उपन्यास र प्रवृत्ति**, वाराणसी, भूमिका प्रकाशन ।

सुवेदी, हंसपुरे, वि सं २०५५, **नेपाली लोकजीवन : लोकविश्वास**, ललितपुर, साझा प्रकाशन ।

**हिन्दी**

अग्रवाल, महावीर, सन् १९९३, **लोकसंस्कृति : आयाम एवं परिप्रेक्ष्य**, श्री प्रकाशन ।

आप्टे, वामन शिवमान, सन् १९६९, **संस्कृत-हिन्दी कोश**, वाराणसी, मोतीलाल बरानसीदास ।

उपाध्याय, कृष्णदेव, सन् १९९१, **भारतीय लोक-विश्वास**, इलाहाबाद, हिन्दुस्तानी एकेडेमी ।

.........................सन् २०१९, **लोक संस्कृति की रूपरेखा**, नयाँ दिल्ली, लोकभारती प्रकाशन ।

..........................सन् २०१९, **लोक-साहित्य की भूमिका**, नयाँ दिल्ली, लोकभारती प्रकाशन ।

जैन, श्रीचन्द्र, सन् १९७७, **लोककथा विज्ञान**, जयपुर, मङ्गल प्रकाशन ।

देवराज, सन् १९५७, **संस्कृतिका दार्शनिक विवेचन**, उत्तर प्रदेश, प्रकाशन ब्युअरउ, सूचना विभाग ।

परमार, श्याम, सन् १९५४, **भारतीय लोक-साहित्य**, बम्बई, राजकमल पऽब्लिकेइश्अन् लिमिटिड् ।

पोखरिया, देवसिंह, सन् २००९, **उत्तराखंड लोक संस्कृति और साहित्य**, नयाँ दिल्ली, नायश्अन्अल् बुक् टऽस्ट् इन्डिअ ।

वर्मा, धीरेन्द्र र अन्य (सम्पा), सन् १९६३, **हिन्दी साहित्य कोश**, भाग १, दोस्रो संस्करण, वाराणसी, ज्ञानमण्डल लिमिटिड्।

वर्मा, नृपेन्द्र प्रसाद, सन् १०७९, **पदमावत का लोकतात्त्विक अध्ययन**, भागलपुर, अनुपम प्रकाशन।

शर्मा, हरद्वारीलाल, सन् १९९०, **लोक वार्ता विज्ञान**, खण्ड १-२, लखनऊ, उत्तर प्रदेश हिन्दी संस्थान।

सत्येन्द्र, सन् २००६, **लोक साहित्य विज्ञान**, जोधपुर, राजस्थानी ग्रन्थगार।

**बाङ्ला**

अहमद, वाकिल, सन् १९९८, **बाङ्लार लोक-संस्कृति**, ढाका, बाङ्ला अकादमी।

चौधरी, दुलाल, सन् १९९८, **लोकसंस्कृति समीक्षार पद्धति**, लोकसंस्कृति गवेषणा परिषद्, पश्चिम बङ्गाल सरकार।

**अङ्ग्रेजी**

डुन्डस, एलन, सन् १९८०, **इन्टरप्रिटिङ्अ फउक्लँःर्**, यूनाइटिड् स्टेइट् ॲभ् अमेरिका, अमेरिकन् यूनिभःसिटि प्रेस्।

डोर्सन, रिचार्ड एम ,सन् १९७२, **फउक्लॅःर आयन्ड् फउक्लाइफ् स्टऽडि**, लऽन्डन, यूनिभःसिटि ॲभ् सिकागो प्रेस्।

डोर्सन, रिचार्ड एम, सन् १९६३, **कऽरन्ट् फउक्लःर् थिअरिस्, कऽरन्ट् आयन्थ्रपॅलजि**, भाग ४, अङ्क १, सिकागो, यूनिभःसिटि ॲभ् सिकागो।

थोमस ए (सम्पा), सन् १९९७, **फउक्लःर्- आयन्ड् एन्साइक्लपीडिअ ॲभ् बिलीभ्, कऽस्टम् म्यूज़िक् आयन्ड् आट्**, सान्ता बारबरा, कायलिर्फःनिअ।

रेडफिल्ड, रोबर्ट, सन् १९४१, **द फउक् कऽल्चर् ॲभ् यूक्टेन**, लऽन्डन, यूनिभःसिटि ॲभ् सिकागो प्रेस्।

लज, डेभिड, सन् १९९६, **लायङ्ग्विज् ॲभ् फिक्शअन्**, लऽन्डन, रूटलेज आयन्ड् केगन पॅःअ।

लज, डेभिड (सम्पा), सन् १९९२, **द आट ॲभ् फिक्शअन्**, लऽन्डन, पेनगुइन बुक्स्।

लिज, मानिया (सम्पा), सन् १९७२, **स्टायन्डड् डिक्शन्रि ॲभ् फउक्लॅःर मिथॅलजि आयन्ड् लेजन्ड्**, अमेरिका, आइ एन सी।

लोहनी, श्रीधर प्रसाद र अन्य (सम्पा), सन् २०१२, **एकता कॅम्प्रिहेन्सिभ् इङ्ग्लिश्-नेपाली डिक्शन्रि**, पहिलो संस्करण, सिलगडी, एकता बुक् हाउस्।

हान्डु, जवाहरलाल, सन् २०००, **थिअरेटिक्अल् एसेइ इन् इन्डिअन् फउक्लॅःर**, मैसूर, जोनी पऽब्लिइश्अन्।

## पत्रपत्रिका

अधिकारी, रामलाल र अन्य (सम्पा), सन् २००४, **दियालो**, इन्द्रबहादुर राई विशेषाङ्क, वर्ष ४६, हाँगो १४०, दार्जिलिङ, सचेन राई।

देवेन र अन्य (सम्पा), सन् १९९७, **हाम्रो संस्कृति**, खरसाङ, गोर्खा सांस्कृतिक संस्थान।

पाण्डे, लिखत र अन्य (सम्पा), वि सं २०७०, **भृकुटी**, सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९, काठमाडौं, भृकुटी एकेडेमिक पऽब्लिइश्अन्।

पाण्डे, ज्ञानु र अन्य (सम्पा), वि सं २०७३, **प्रज्ञा**, अङ्क १, पूर्णाङ्क ११३, काठमाडौं, ने प्र प्र।

पोखरेल, मातृका र अन्य (सम्पा), वि सं २०७३, **समकालीन साहित्य**, पूर्णाङ्क ७६, काठमाडौं, ने प्र प्र।

पुलामी, वासुदेव र ज्ञानेन्द्र सुब्बा (सम्पा), सन् २०१८, **इन्द्रायण**, कालेबुङ, उपमा प्रकाशन।

श्रेष्ठ, अविनाश (सम्पा), वि सं २०६८, **गरिमा**, वर्ष २९, अङ्क ३४८, ललितपुर, साझा प्रकाशन।

## जर्नल

दाहाल, मोहन पी र अन्य (सम्पा), सन् २००१-२, **नेपाली जर्नल**, समकालीन नेपाली गद्याख्यान, वर्ष १, अङ्क २, दार्जिलिङ, बिष्ट पऽब्लिइश्अन्, प्रा लि।

..............सन् २०२०, **नेपाली अकादमी जर्नल,** लोकवार्ता अङ्क, वर्ष १६, अङ्क १७-१८, सिलगडी, नेपाली विभाग, रेजिस्ट्रार् उ ब वि।

नेपाल, घनश्याम र अन्य (सम्पा), सन् २०१७, **अभिज्ञान**, वर्ष ६, अङ्क २, सिलगडी, नेपाली विभाग, उ ब वि ।

पराजुली, पुष्कर (सम्पा), सन् २०१३, **नेपाली लोकवार्ता : अध्ययनहरू**, सिलगडी, नेपाली विभाग, उ ब वि ।

शर्मा, पुष्प र अन्य (सम्पा), सन् २०१७, **अनुसन्धान,** लोकवार्ता अङ्क, वर्ष १, अङ्क २, सिक्किम, नेपाली विभाग, सिक्किम विश्वविद्यालय ।

### शोध प्रबन्ध

थापा, रागिनी, सन् २०११, **दार्जिलिङ पहाडी क्षेत्रका स्थाननामहरूको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित, विद्यावारिधि शोध प्रबन्ध, नेपाली विभाग, उ ब वि ।

थापा, वासुदेव, सन् २०१९, **सिक्किम र दार्जिलिङ क्षेत्रका मगरहरूका लोकवार्ताको प्रतीकपरक अध्ययन**, अप्रकाशित, विद्यावारिधि शोध प्रबन्ध, नेपाली विभाग, उ ब वि ।

प्रधान, सुचन, सन् २०१९, **नेपाली उपन्यासहरूको लोकतात्त्विक अध्ययन**, अप्रकाशित, विद्यावारिधि शोध प्रबन्ध, नेपाली विभाग, सिक्किम विश्वविद्यालय ।

रानी, अंजू, सन् २०१२, **मध्यकालीन हिन्दी सतसई साहित्य में लोक-संस्कृति**, अप्रकाशित, विद्यावारिधि शोध प्रबन्ध, हिन्दी विभाग, उत्तराखण्ड, गढवाल विश्वविद्यालय ।

सुब्बा, ज्ञानेन्द्र, सन् २०२०, **दार्जिलिङ पुलबजार खण्डमा पाइने लोकवार्ताको विश्लेषणात्मक अध्ययन,** अप्रकाशित, विद्यावारिधि शोध प्रबन्ध, नेपाली विभाग, उ ब वि ।

### वेभ सोर्स

घर्ती, दुर्गाप्रसाद, नोभेम्बर २०१९, 'आज रमिता छ उपन्यासमा व्यक्तिसत्ता', http://nepalisamalochana.com/, २९ अगस्ट २०२०

छेत्री, डि आर र अन्य, जून २०१५, 'कऽरन्ट् स्टेइटस् ॲभ् एथ्नउ मेडिसिन्अल् प्लान्ट्स् इन् द दार्जिलिङ हिमालय', www.jstor.org, ०६ मार्च २०२०

फॅस्टर्, जर्ज एम, सन् १९५३, ‘ह्वाट इज फउक् कऽल्चर्?’ https://www.jstor.org/stable, २९ जुलाई २०२०

राजीव रंजन गिरि, ९, सेप्टेम्बर २०१४, ‘लोक संस्कृति र लोकप्रिय संस्कृति’, https://jaaneanjaane.blogspot.com, ५ मार्च २०२१

वाकिल अहमद, १८ जून २०२१, ‘फउक् कऽल्चर्’, https://en.banglapedia.org/index.php/

Folk_Culture, ६ सेप्टेम्बर २०२१

वारेन एस वाकर, सन् १९५४, https://www.jstor.org/stable/24470848, ५ फेब्रुअरी २०२१

सिंह, कुसुन, ६ अगस्ट २०१६, ‘लोकप्रिय संस्कृति की अवधारणा, https://r.search.yahoo.com/ १६ मार्च २०२१

# परिशिष्ट

१. जर्नलमा प्रकाशित शोधमूलक पत्र

२. ‘निष्काम’ उपन्यासको आवरण पृष्ठ

३. इन्द्रबहादुर राईको तस्वीर

जर्नलमा प्रकाशित शोधमूलक पत्र



# हिमालयन रिसर्च जर्नल

# HIMALAYAN RESEARCH JOURNAL

(An UGC Enlisted Journal)

Vol. III No. I August 2020

Designed and published by

EASTERN HIMALAYA GREEN INITIATIVE RESEARCH & CONSERVATION TRUST
KALIMPONG

# हिमालयन रिसर्च जर्नल

# HIMALAYAN RESEARCH JOURNAL

(An UGC Enlisted Journal)

Vol. III No. I August 2020



*Chief Editor*
**Dr. B. B. Gurung**

*Executive Editor*
**Prof. Sanjay Bista**

*Editors*
**Dr. Sajeed Ali**
**Dr. Pranay Bantawa**

*Editorial Advisory Board*
**Dr. Samuel Rai**, Director, Cinchona & Other Medical Plants, Govt. of WB
**Dr. Sudarsan Tamang**, Assistant Professor, Sikkim University
**Dr. Moazzam Ali**, Assistant Professor, SMIT, Sikkim
**Dr. Raj Kumar Chhetri**, Assistant Professor, Darjeeling Govt. College
**Shri Sudhir Chhetri**, Kalimpong
**Shri Dhan Kumar Tamang**, Kalimpong
**Shri Surajmani Pradhan**, Kalimpong
**Shri Subrata Manna**, Darjeeling KVK, UBKV, Kalimpong
**Dr. Sonam Sherpa**, Govt. High School, Darjeeling
**Dr. Sunil Kumar Singh**, District Hospital, Kalimpong
**Mr. Basudev Pulami**, Asst. Professor, Kalipad Ghosh Tarai College, Bagdogra
**Mr. Sonam Yogel Bhutia**, Dept of Higher Education, S&T and Biotechnology, GoWB
**Dr. Santosh Rai**, Assistant Professor, Sikkim University
**Shri Yogesh Khati**, Asst. Professor, Kurseong College

# हिमालयन रिसर्च जर्नल

# HIMALAYAN RESEARCH JOURNAL

(An UGC Enlisted Journal)

Vol. III No. I August 2020

## Contents / विषयसूची

शोध पत्र


- अन्य विधाको सन्दर्भ र यात्रा साहित्य
  दीपक तिवारी 1

- सौन्दर्य एवम् सौन्दर्य सिद्धान्तः सन्दर्भ *छिचिमिरा*का कथाहरू
  कविता लामा 10

- परिवेशको सैद्धान्तिक परिचय
  सरस्वती मिश्र 18

- नेपाली लोकसाहित्यमा युद्ध-प्रसङ्ग
  भुपेन तामाङ 24

- पारिजातका कथामा यौन उत्पीडन, चेलीबेटी बेचबिखन र बलात्कार समस्या
  सृजना शर्मा 34

- भानुभक्तीय रामायणको केन्द्रीयतामा रावणको चरित्र चित्रण
  नवीन पौड्याल 41

- लैङ्गिक समानता : मुक्तिका मार्गमा नारी
  पुष्प शर्मा 48

- समकालीन नेपाली कवितामा किरातेली मिथकको प्रयोग : सरल वाचन
  सुमन बान्तवा 61

- इन्द्रबहादुर राईका गद्याख्यानमा पाइने लोकविश्वास
  सपन प्रधान 71

- 'जयमाया आफूमात्र लिखापानी आइपुगी' कथामा समाज
  डा उदय छेत्री 79

# इन्द्रबहादुर राईका गद्याख्यानमा पाइने लोकविश्वास

सपन प्रधान
शोधार्थी, उत्तर बङ्ग विश्वविद्यालय, sapanpradhan2013@gmail.com

## सार

*नेपाली लोकजीवनमा देवी-देवता, शकुन-अपशकुन, पाप-धर्म, फाप-अफाप, धामी-झाक्री, झार-फुक, तन्त्र-मन्त्र, लाग-लगन, सिमे-भुमे, भुत-प्रेत, बोक्सी, रहस्यादि लोक विश्वासहरू प्रचलित छन्। लोक मानसले मान्दै ल्याएका यस्ता लोकविश्वासको प्रतिबिम्बन साहित्यमा पनि देखन पाइन्छ। अतः इन्द्रबहादुर राईका गद्याख्यानमा नेपाली लोकजीवनमा प्रचलित विविध लोकविश्वासको अभिव्यक्ति पाइन्छ। यसबाट भारतीय नेपाली लोकजीवनको आस्था-विश्वास र जीवन पद्धति के कस्ता छन् भन्ने बुझ्न सकिन्छ। प्रस्तुत पत्रमा इन्द्रबहादुर राईका कथा र उपन्यासमा पाइने लोकविश्वासलाई प्रकाश पारिएको छ।*

*बीज शब्द : लोक, लोकविश्वास, लोकजीवन, लोक मानस, परम्परा आदि।*

## १. नेपाली समाजमा प्रचलित लोकविश्वास

लोकविश्वास लोक संस्कृति वा लोकवार्ताको एउटा अभिन्न अङ्ग हो। परापूर्व कालदेखि नै लोक मानसमा लोकविश्वास जरा गाडेर बसेको छ। जुनसुकै सभ्य अर्धसभ्य मुलुकका लोकजीवनमा पनि लोकविश्वासको प्रभाव यद्यपि विद्यमान रहेको पाइन्छ। आजको शिक्षित समाजले लोकविश्वासलाई अन्धविश्वास वा अन्धपरम्परा तथा परम्परागत रुढि भनेर यसको उपयोगितालाई नमाने पनि यो आदिम मनोवृत्ति कहीँ कतै अचेतनमा गाडिएर बसेकै हुन्छ। त्यसैले लोक मानसले अचेतनमा लोकविश्वासलाई ग्रहण गरिरहेकै हुन्छ। लोकविश्वास आदिम मानवको जीवनपद्धति हो। यसैमा मानव जीवन सञ्चालित हुँदै आएको छ। लोकविश्वास वैयक्तिक प्रभाव वा चेतनप्रवृत्तिबाट निसृत पदार्थ होइन। यो लोकद्वारा अर्जित सामूहिक रूपमा परम्पराप्राप्त अचेतनमुखी क्रियाशीलता हो। यसको सोझो सम्बन्ध लोक मनोविज्ञानसँग रहेको हुन्छ। 'अज्ञानताको वातावरणमा नै लोकविश्वासको उत्पत्ति'[१] भए पनि लोकविश्वास लोकको काल्पनिक रुढि तथा अज्ञानताको सूचक मात्र नभएर यो विज्ञान पनि हो।

नेपाली लोकजीवनमा प्रकार्यगत अनेक लोकविश्वासहरू पाइन्छन्। राति कसिङ्गर बडारेर फ्याँक्नु नेपाली लोकजीवनमा अपशकुन मानिन्छ। यस लोकविश्वासमा पुर्खाको अज्ञानता र अन्धविश्वाससँगै वैज्ञानिकता र व्यावहारिकता पनि पाइन्छ। सभ्यताको मिरमिरे उषामा गाउँ बस्तीका हाम्रा पुर्खाले बिजुली बत्तीको उज्यालो देख्न पाएनन्। धिप्रीको अँध्यारो प्रकाशमा सारा जीवन व्यतित गरे। त्यस अवस्थामा राति कसिङ्गर बढारेर फ्याँक्दा दुखले अर्जेको सुन-चाँदी र अन्य उपयोगी वस्तु

१ कृष्णदेव उपाध्याय, पृ ३०

ISSN:2278-280X

हराउने डर हुन सक्थ्यो। साथै मैला कुचेला राति घरवरिपरि फ्याँक्दा त्यसको दुर्गन्धले पर्यावरण दूषित पार्न सक्थ्यो। त्यसैले बेलुकीको मैला कुचेला तथा कसिङ्गरलाई दैलाको एक कुनामा थुपारिराख्ने र बिहान उज्यालामा घरदेखि टाढा सुरक्षित ठाउँमा लगेर फ्याँक्ने चलन छ।

नेपाली लोकजीवनमा केही पूर्वाग्रह तथा मुढाग्रहहरू पनि प्रचलित छन्। त्यस्ता लोकविश्वासहरूमा लोकको हैकम वा प्रबुद्धको परम्परा कायम रहेको हुन्छ; जस्तै: पशु बलि, नारी शोषण आदि मुख्य छन्। यसलाई पनि पहिल्याएर गए केही वैज्ञानिकता भेटिन्छन् नै किनभने हाम्रा पुर्खाहरू प्रकृतिप्रति अति इमानदार, निष्ठावान् र अनुशासित थिए भन्ने जानकारी प्रचलित लोकविश्वासहरूबाट थाहा हुन्छ।

नेपाली लोकजीवनमा नक्षत्रद्वारा प्राप्त सूर्य, चन्द्रमा, उल्कापात, आँधी हुरी, बादल, चट्याङसम्बन्धमा आफ्नै लोकविश्वास छ। पशुप्राणीमा काग, बिरालो, गाई, घोडा, चमेरा, मुसा, सर्प, गिद्ध, माछालाई लिएर पनि आ-आफ्नै लोक आस्था तथा विश्वासहरू रहेका छन्। शरीरसित पनि नेपालीमा लोकविश्वास छन्, जस्तै, आँखा, ओठ, हातको चक्र-रेखा, कपाल, कोठी, अनुहार, भँवरी, औँली आदि। दिन, महिना, गते, साल र दिशासित पनि नेपाली लोकजीवनमा आ-आफ्ना लोक मान्यताहरू रहेका छन्। कुन पहरमा देखेको सपनाको फल कस्तो हुन सक्छ र सपनाको अपशकुन कसरी निवारण गर्ने भन्ने सम्बन्धमा पनि लोकविश्वासहरू छन्। साधारण जनजीवनमा कुदृष्टि वा आँखा नलागोस् भनेर फलफुल, गाईगोठ आदि ठाउँ र थाँक्रामा थोत्रो चप्पल झुन्डाउने चलन अझै पनि देख्न पाइन्छ। घरमा सिसा फुट्नु, फुटेको ऐना हेर्नु, रित्तो भाँडो देख्नु, हातबाट कप खस्नु, कालो बिरालाले बाटो काट्नु आदिलाई नेपाली लोकजीवनमा अपशकुन मानिन्छन्। घाँटी खस्खसाउनु, घाँटी कराउनु, ओठ फुरफुर गर्नु, हात चिलाउनु, आँखा फुरफुर गर्नु, बेसी हास्नु आदि शारीरिक क्रियासित पनि नेपाली लोकजीवनमा आस्था र मान्यताहरू छन्। मानव समाजमा पाइने यस्ता लोकविश्वासलाई सोफिया वर्नले निम्नलिखित रूपमा वर्गीकरण गरेकी छन्–

१. आकाश तथा पृथ्वीसित सम्बन्धित विश्वास,

२. वनस्पति जगत्सम्बन्धी विश्वास,

३. पशुपक्षीसित सम्बन्धित विश्वास,

४. मानवसम्बन्धी विश्वास,

५. मनुष्य निर्मित वस्तुसित सम्बन्धित विश्वास,

६. आत्मा तथा अन्य जीवनसम्बन्धी विश्वास,

७. आधिभौतिक जीवनसम्बन्धी विश्वास।[२]

नेपाली लोकजीवनमा यस्ता विभिन्न लोकविश्वासहरू प्रचलित छन्। जसको क्षेत्र अत्यन्त व्यापक तथा विस्तृत रहेका छन्। हंसपुरे सुवेदीअनुसार यसको तह पनि एकै प्रकारको देखा पर्दैन। साथै विश्वासका विषयगत प्रकार, आधार र कोटि पनि फरक फरक देखा पर्छन्।[३] विद्वान्हरूका अवधारणालाई ध्यानमा राखेर नेपाली लोकजीवनमा प्रचलित विभिन्न लोकविश्वासलाई यस प्रकार देखाउन सकिन्छ–

- दान पुण्य, धर्मकर्म, पूजापाठ, देवी देवताप्रति गरिने धार्मिक लोकविश्वास।
- चाडपर्व, जात्रा, आचार विचारप्रति गरिने सांस्कृतिक लोकविश्वास।
- झारफुक, तन्त्रमन्त्र, ओझाबिजुवा, भूतप्रेत, बोक्सी, लागलगन, जादुटुनाप्रति गरिने लोकविश्वास।
- आवातजावत, लिँदादिँदा, कुराकानी, भनसुन, व्यवहारप्रति गरिने व्यावहारिक लोकविश्वास।
- फाप-अफाप, साइत-कुसाइत, बेला-

२ सोफिया वर्न, सन् १९१४, ह्यान्ड बुक अफ फोकलोर, लन्डन, जेकसन लिमिटेड, पृ १

३ हंसपुरे सुवेदी, सन् १९९८, नेपाली लोकजीवन : लोकविश्वास, साझा प्रकाशन, पृ २८

ISSN:2278-280X

अबेला, शकुन-अपशकुन, जोरविजोरप्रति गरिने अन्धविश्वास तथा लोकविश्वास।

विशेषतः उक्त लोकविश्वासका आधारहरू लोक परिस्थिति, परम्परा र प्रसङ्ग आदि जीवन व्यवहारअनुरूप देखा पर्छन् अनि यी सामाजिकताअनुसार परिवर्तनशील पनि छन्।[४] वेद, पुराण, महाभारत, रामायणजस्ता पूर्वीय मिथमा लोकविश्वासको प्रशस्त वर्णन पाइन्छन्। वेदमध्ये अथर्ववेदलाई टुनामुना र जादुको कोष नै मानिन्छ। अतः नेपाली समाजमा लोकविश्वासज्ञानको अभाव तथा अज्ञानता, दैवी शक्तिमा विश्वास, प्रकृतिप्रति श्रद्धा, भय तथा आत्मरक्षाको प्रवृत्तिबाट नै उत्पत्ति भएको मान्न सकिन्छ।

## २. इन्द्रबहादुर राईका गद्याख्यानमा पाइने लोकविश्वास

भारतीय नेपाली साहित्य परम्परामा इन्द्रबहादुर राई सुपरिचित नाम हो। यिनले साहित्यका हरेक विधामा दक्षतापूर्वक कलम चलाएका छन्। यिनका चारवटा गद्याख्यानमूलक कृति प्रकाशित छन्– 'विपना कतिपय' (सामाजिक यथार्थपरक, सन् १९६१), 'कथास्था' (आयामिक आस्थापरक, सन् १९७२), 'कठपुतलीको मन' (लीला लेखनपरक, सन् १९८९) र एउटा उपन्यास 'आज रमिता छ' (विसङ्गति चेतनापरक, सन् १९६४) प्रकाशित छन्। यस लेखमा राईका यिनै गद्याख्यानमा पाइने लोकविश्वासको चर्चा प्रस्तुत छ।

### दान/पुण्य, धर्मकर्म, पूजापाठ, देवी-देवताप्रति लोकविश्वास–

नेपाली लोकजीवनमा देवी-देवताको पूजा गर्नु, दीन-दुखी, जोगी, सन्यासीलाई दान पुण्य गर्नु परापूर्व कालदेखि चलेर आएको प्रथा हो। यस्ता धार्मिक लोकविश्वासले नेपाली लोकजीवनको विशेषतालाई प्रकट गर्छ। नेपाली जाति चार जात छत्तीस वर्ण भएको साझा फुलबारी हो। यस जातिको रीति-थिति, धर्म-कर्म, विधि-विधान, खानपिन सोहीअनुसार फरक फरक ढङ्गका छन्। त्यसैमा नेपाली जाति बहुल संस्कृतिसम्पन्न जातिको रूपमा चिनिन्छ भने प्रचलित मूल्य मान्यता र विश्वासले यस जातिको प्रकृतिगत हाउभाउलाई पनि प्रकाश पार्छ। इन्द्रबहादुर राईका गद्याख्यानमा पाइने लोकविश्वासले दार्जिलिङ तथा नेपाली जनजीवनको सांस्कृतिक विशेषता प्रकट गर्छ। जस्तै राईका कथामा "घरको दैलोमा दश रकमका माग्ने र ठग्नेहरू आएर उभिन्छन्। त्यसै र मेरो घरमा एउटा नियम छ। असहाय र अपंगहरूलाई भए पैसा, मुठ्ठीदान, चिया, पुरानो कोट दिइहाल्छौँ"[५] ले गरिब असहाय र सन्यासी फकिरलाई दान अर्पण गर्दा पुण्य कमाइन्छ भन्ने लोक सन्दर्भलाई व्यक्त गर्छ। यसरी नै कार्तिक र मङ्सिर महिनाको पूर्णिमाको छेकमा रातको बाह्र बजीपश्चात् करिब अन्तिम पहरमा जोगीले फेरी बजाउँदै घर आँगन, करासो घुम्ने परम्परा छ। जोगीले भूतप्रेत, आत्मा, मसान, जागित्र, सिमेभुमे आदिलाई भगाइदिन्छन भन्ने लोकविश्वास छ। यसको साटो जोगीलाई बिहान नाङ्लोभरि तेल, नुन, हर्दी, खोर्सानी, पैसा, चामल, लसुन, प्याज, फलफुल, कालो दाल, काँटी, भेटीपैसा आदि दिइन्छ। यस किसिमको लोक सांस्कृतिक परम्परा नेपाली समाजमा मात्र प्रचलित देखिन्छ। राईका गद्याख्यानमा यस्ता सांस्कृतिक विश्वासको उल्लेख पाइन्छ– "फेरीवाललाई किन त्यत्रो थोक दिएको? हर्दी, नुन, चामल, काँटी, मैले सोधें। फेरीवालले लडाइँ गरी भूत धपाइदिन्छ। आमाले भन्नुभयो।"[६]

नेपाली जाति सम्भवतः ३३ करोड देवी-देवता मान्ने जातिभित्र पर्छ। यसबाहेक इसाई, बौद्ध, इस्लाम धर्मावलम्बीहरू पनि छन्। हिन्दू र किरांती धर्मावलम्बीहरूका जातानुसार पितृ वा लोकदेवता अलग अलग हुन्छन्। उनीहरू आआफ्ना लोकदेवताप्रति दृढ विश्वास र आस्था राख्छन्। यस सम्बन्धमा राई आफैले

---

४ हंसपुरे सुवेदी, सन् १९९८, नेपाली लोकजीवन : लोकविश्वास, पूर्ववत्, पृ २६

५ इन्द्रबहादुर राई, सन् २००४, इन्द्र सम्पूर्ण, 'एउटा विचारको यात्रापथ', विजयकुमार राई (सम्पा), निर्माण प्रकाशन, पृ २६६

६ इन्द्रबहादुर राई, इन्द्र सम्पूर्ण, 'एउटा विचारको यात्रापथ', पूर्ववत्, पृ २६४

'दार्जिलिङको नेपाली लोक-जीवन' लेखमा के लेख्छन् भने "यहाँ जात-जातका पुराना देवता र प्रेतहरू पनि प्रायः मानिराखेकै छन् - बोजुदेवता, शिकारी, वायु, ख्याक इतियादि।"[7] यस्ता उदाहरणहरू राईका गद्याख्यानमा अरू पनि भेटिन्छन्। जस्तैः

" यहाँ मोजिङना खिवाङनालाई सम्झेर याकथुम्बाहरू बसेका छन्, महेश्वरको नाउँ लिएर तामाङहरू बसेका छन्, पारूहांगलाई मनमा लिएर हामी जिमीदार बसेका छौं।"[8]

"रगत थापेर केराको पातमा हेर्दा बुङ्घिङले, जोखाना साह्रै राम्रो निस्केको छ"[9] द्वारा राई खलकमा मरौपरौ र बिहेबारी हुँदा कुखुराको बलि दिएर त्यसको रगतमा बुङ्घिङले जोखाना हेर्ने परम्परा रहेको बुझिन्छ। राईहरू आफ्नो संस्कृति र धर्ममा पूर्ण आस्था र विश्वास राख्छन्। उनीहरूमा आफ्नो परम्पराप्रति अटल विश्वास रहेको पाइन्छ।[10] यसैले देवी-देवता खुसी भए घर-परिवार, शाखा सन्तानमा फलिफाप हुन्छ, शत्रु नाश हुन्छ भन्ने लोकविश्वासले बोका, राँगा, कुखुरा, परेवा आदिको भोक दिने चलन किराँती खलकबाहेक नेपाली लोकजीवनमा पनि प्रचलित छ। जस्तैः "सानो पूजा तर दिनभरि जस्तै लाग्यो। पठेग्री काटेर सबैले प्रसाद खाए।"[11]

गद्याख्यानकार राईले नेपाली लोकजीवनमा पाइने देवी-देवता र पूजापाठप्रतिको आस्थालाई सहज रूपमा अभिव्यक्त गरेका छन्। जस्तैः "बाबुले हेरिरहे माइलाले फेदाङमा पनि भएको, देउरालीलाई के के फलाकेको, र कराएको फेरि चढाऊ हे ढुङ्गा! उसले चढाइसकेको थियो"[12] ले किराँती धर्मावलम्बीहरूको लोक सांस्कृतिक परिचय तथा लोकविश्वासलाई देखाउँछ। यसरी नै राईका गद्याख्यानमा इसाई, बौद्धमार्गी तथा हिन्दू धर्मावलम्बीहरूका आआफ्ना धार्मिक लोकविश्वास पाइन्छन्। जस्तै :

"म तिमीलाई भन्दछु; माग अनि यो तिमीलाई दिनेछन्; खोज अनि तिमीले त्यो पाउनेछौं, ढकढकाउ अनि त्यो तिमीलाई खोलिनेछ।"

"जोगमाईमा वा पनि सङ्क्रान्तिमा पिण्ड दिन आउनुहुन्छ रे। भेट भो भने म लगतै फिरिहाल्छु।"[14]

"घेवा साङ्गे भयो। सबैजना र लामाहरू पनि गइसकेपछि आमाले जनकलाई बोलाएर भनिन्..."[15]

यसबाट के बुझिन्छ भने दार्जिलिङको नेपाली लोकजीवन विविध धर्ममा विश्वास राख्दछ। भारतीय नेपाली लोकजीवनको अर्को सांस्कृतिक विशेषता यहाँका जनसाधारणले नदीनालालाई देवी-देवताको प्रतीक मानेर ढोक्ने, नदीमा पैसा चढाउने लोकविश्वास छ। जस्तै : "मामाले पुलको मुखमा पुगेर रङ्गितलाई के के भने, भेटी फ्याँकि दुइ तीनवटा ढोले पैसा तल रङ्गितको पानीमा।"[16] त्यसैले "दार्जिलिङका नेपालीहरू धर्मका ज्ञानमा गहिरा छैनन् तर उनीहरूको मानसिकता आफ्नै धार्मिक गहिन्याइको छ।"[17] दार्जिलिङको लोकजीवनको

---

७ इन्द्रबहादुर राई, सन् १९२१, 'दार्जिलिङका नेपाली लोक-जीवन', नेपाली लोक संस्कृति संगोष्ठी, तुलसी दिवस (सम्पा), नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, पृ १९१

८ इन्द्रबहादुर राई, सन् २००४, इन्द्र सम्पूर्ण, 'जार : भएकै एउटा कथा', पूर्ववत्, पृ २७

९ इन्द्रबहादुर राई, सन् २००४, इन्द्र सम्पूर्ण, 'जन्ती', पूर्ववत्, पृ ४११

१० तेजप्रकाश श्रेष्ठ, सन् २००३, नेपाली लोक संस्कृति केही सम्पदा, केही परम्परा, ललितपुर, साझा प्रकाशन, पृ ८९

११ इन्द्रबहादुर राई, सन् २००४, इन्द्र सम्पूर्ण, जार : भएकै एउटा कथा, पूर्ववत्, पृ २५

१२ इन्द्रबहादुर राई, सन् २००४, इन्द्र सम्पूर्ण, जन्ती, पूर्ववत्, पृ ४११

१३ इन्द्रबहादुर राई, पाँचौं संस्करण सन् २००५, आज रमिता छ, पूर्ववत्, पृ३५

१४ इन्द्रबहादुर राई, पाँचौं संस्करण सन् २००५, आज रमिता छ, पूर्ववत्, पृ १४

१५ इन्द्रबहादुर राई, पाँचौं संस्करण सन् २००५, आज रमिता छ, पूर्ववत्, पृ २

१६ इन्द्रबहादुर राई, सन् २००४, इन्द्र सम्पूर्ण, जन्ती, पूर्ववत्, पृ ३६

१७ इन्द्रबहादुर राई, सन् १९२१, 'दार्जिलिङका नेपाली लोक-जीवन', नेपाली लोक संस्कृति संगोष्ठी, पूर्ववत्, पृ १९१-१९२

 ISSN:2278-280X

अन्तर्चेतनामा लोकविश्वास प्रगाढ रूपमा अन्तर्भूत रहेको कुरा राईका गद्याख्यानमा दृष्टिगोचर हुन्छ।

**चाडपर्व, जात्रा, आचार-विचार, पुर्नजन्मप्रति लोकविश्वास**

चाडपर्व, जात्रा नेपाली लोक संस्कृतिको अभिन्न अङ्ग हो। नेपाली लोकजीवनमा प्रचलित विभिन्न चाडपर्व, जात्रा आदिको आआफ्नो मौलिक तथा सांस्कृतिक महत्त्व छ। प्राचीन मौलिक नेपाली चाडपर्व, उत्सव, जात्राहरू प्रत्येकको मानव जीवनोपयोगी कुनै एक प्राचीन घटना, कुनै एक प्राचीन महापुरुष, कुनै एक प्राचीन धार्मिक कार्य वा कुनै प्राचीन संस्कार आदिमध्ये एक न एक कुरासँग सम्बन्ध रहेको हुनाले यिनीहरूको माध्यमबाट नेपाली इतिहास, नेपाली सभ्यताको पनि परिचय पाउन सकिन्छ। साथै राष्ट्रको धार्मिक, सामाजिक, राजनीतिक, नैतिक आदि कुराहरू पनि थाहा पाउन सकिन्छ।[18] नेपाली समुदाय धेरै चाडपर्व, जात्रा तथा उत्सव मनाउने रौसे प्रवृत्तिको जाति हो। चाडपर्वप्रतिको सांस्कृतिक लोकविश्वासले गर्दा नै नेपाली जाति कस्तो प्रवृत्ति र प्रकृतिका हुन् भन्ने सोझै अनुमान गर्न सकिन्छ।

बिस्केट जात्रा, मातृ-औँसी, सिठी, पिशाच-चतुर्दशी र घोडेयात्रा, पञ्चदान (बाँडे जात्रा), गथामुगः (घन्टाकर्ण), श्रावण-सङ्क्रान्ति, तीज, चथा, इन्द्रजात्रा, गाईजात्रा, म्हपूजा, खड्गयात्रा, श्री पचली भैरव-यात्रा, कुलछि-भोज, रातो तथा सेतो मत्स्येन्द्रनाथको रथयात्रा, माघे-संक्रान्ति,[19] दसैँ, तिहार, चैते दसैँ, फगुवा, लोछार, क्रिसमस, असार पन्ह्र, फुलपाती शोभा यात्रा, बुद्ध जयन्ती, शिवरात्रि, सरस्वती पूजा, भानु जयन्ती, श्रीमद्भागवत् महापुराण कलश यात्रा, सत्यनारायण व्रत, दिइहाल भाउजू, मुहर्रम आदि नेपाली लोकजीवनमा प्रचलित पर्वहरू हुन् किनभने, "पर्वहरूका धार्मिक वा ऐतिहासिक लक्ष्य वा महत्त्वहरूलाई बुझिरहने वा सम्झिरहने आवश्यकतै नमानी, तीलाई पर मिल्काई, रमाहटकै अवसरदेखि बढिहाल्नेहरू छन्"[20] तापनि यस्ता पर्वहरूले पूर्वजका सुकार्य, त्याग, तपस्या, सपना, कल्पना, रीति-थिति, सुख-दुख, आचार-विचार आदिका स्मरण गराउँदछन्। यी पर्वहरूमा आध्यात्मिक तथा भौतिक दृष्टिकोणबाट सार्थक मानसिक विकासको अभिवृद्धि गर्ने गुण पाइन्छ।

नेपाली लोकजीवनमा प्रचलित यस्ता पर्वहरूमा आमोद प्रमोद मात्र छैन। लोकजीवनसँग सम्बन्धित धार्मिक लोकविश्वास पनि यसमा जोडिएको प्रसङ्ग राईका गद्याख्यानअन्तर्गत बोध हुन्छ। जस्तै: "जोगमाईमा वा पनि सङ्क्रान्तिमा पिण्ड दिन आउनुहुन्छ रे। भेट भो भने म लगत्तै फिरिहाल्छु।"[21] ले सङ्क्रान्तिको शुभ मुहुर्तमा पिण्ड दान गर्दा स्वर्गमा पितृले पाउँछन् भन्ने लोकविश्वासलाई जनाउँछ। "दार्जिलिङ्गीय (भारतीय पनि) नेपाली-लोकजीवनको रंग नेपाली जातीयता भावनाको"[22] हुनाले दार्जिलिङमा बसोबास गर्ने नेपालीहरू विभिन्न धर्मावलम्बी भए पनि दसैँ, तिहार, क्रिसमस, लोछार पर्वले यहाँका लोकजीवनलाई सांस्कृतिक सूत्रमा बाँध्ने कार्यको दृष्टिगोचर "धर्मले क्रिस्तान भए तापनि मलाई तिहार र विशेष गरी भाइटीका साह्रै मन पर्छ। त्यसैले मैले एक-जनालाई आफ्नी दिदी मानेको छु र हरेक साल भाइ भएर टीका थाप्न जान्छु"[23] राईका गद्याख्यानमा प्रस्तुत छ। तथा पर्वोत्सव वा शुभ कार्यहरूमा बुढापाकाले निधारमा दही चामलको टीका, दुबो लगाइदिई आशीर्वाद दिने लोक परम्पराको झाँकी पनि प्रस्तुत छ। जस्तै:"यहाँ जंगलमा अक्षता-टीका छैन तर यै दूबो लाइदिएर म तिमीहरूलाई

---

१८ पुष्परत्न बज्राचार्य, सन् १९२१ 'नेपालका मौलिक चाड-पर्वोत्वहरूबारे एक चर्चा', नेपाली लोक संस्कृति संगोष्ठी, पूर्ववत्, पृ १६०

१९ पुष्परत्न बज्राचार्य, सन् १९२१ 'नेपालका मौलिक चाड-पर्वोत्वहरूबारे एक चर्चा', पूर्ववत्, पृ १६०

२० इन्द्रबहादुर राई, सन् १९२१, 'दार्जिलिङका नेपाली लोक-जीवन', नेपाली लोक संस्कृति संगोष्ठी, पूर्ववत्, पृ १९०

२१ इन्द्रबहादुर राई, पाँचौँ संस्करण सन् २००५, आज रमिता छ, पूर्ववत्, पृ ६८

२२ इन्द्रबहादुर राई, सन् १९२१, 'दार्जिलिङका नेपाली लोक-जीवन', नेपाली लोक संस्कृति संगोष्ठी, पूर्ववत्, पृ १८८

२३ इन्द्रबहादुर राई, सन् २००४, इन्द्र सम्पूर्ण, 'मेरी दिदी', पूर्ववत्, पृ ५२

ISSN:2278-280X

लोग्ने-स्वास्नी बनाइदिन्छु,"[२४] आदि।

आचा-विचार र पुनर्जन्मलाई लिएर पनि राईका गद्याख्यानमा लोकविश्वासहरू भेटिन्छन्। जस्तैः "गृहस्थी धर्म सबभन्दा राम्रो अरे, हामीलाई बोजूले भन्थ्यो। साधु सन्यासी भएर गए पनि त्यसले मागेर खानुपर्छ अरे, गृहस्थीले मतै मान्छेदेखि लिएर देउता, चरा, मुसासम्मलाई खुवाउँछ।"[२५]

"तँ लच्छिनकी बत्ती होस्, बुहारी, किन त्यस्तो सोधिस्?"[२६]

"मलाई त यो जुनीको दुःख सम्झँदा अर्को जुनी नहोस् जस्तो लाग्छ।"[२७]

अतः यस्ता विश्वासहरू संस्कृत विद्वान् वराहमिहिरअनुसार पूर्वजन्मको फलको सूचक हो। त्यसैले शुभ अशुभ फल प्राप्त हुन्छ भन्छन्।

**भूतप्रेत, ओझाबिजुवा, फाप-अफाप, बोक्सी, लेनदेनप्रति लोकविश्वास**

विश्वभरि नै भूतप्रेत तथा दुष्आत्मालाई लिएर विभिन्न लोकविश्वासहरू प्रचलित छन्। मनोवैज्ञानिक दृष्टिले भूतप्रेतसम्बन्धी बाधा अड्चनलाई हिस्टिरिया तथा मनस्तापी मानसिक रोगका रूपमा अर्थ्याइएको छ। उनीहरूका भनाइमा जब सन्ताप एवम् आत्मभर्त्सना चेतन मनबाट अचेतन मनमा दमित हुन्छ तब उसमा अनेक प्रकारको भ्रम, विभ्रम, भ्रान्ति, संसय एवम् भयका रूपमा परिणत भएर मानिसका चेतनाको समक्ष आउँछ, जसलाई व्यक्तिले भूतप्रेतको संज्ञा दिन्छ। संसारका सबै देशहरूमा यो रोग प्रायः पाइन्छ र झारफुक गर्ने व्यक्तिहरू पनि सबै देशमा पाइन्छन्। यस्ता व्यक्तिको हेरचोर प्रायःओझाबिजुवा, तान्त्रिक, साधुसन्त आदिले गरेको पाइन्छ।[२८] नेपाली लोकजीवनमा पनि भूतप्रेत, ओझाबिजुवा, जोगीलगायत लागलगनलाई लिएर धेरै अलौकिक घटनाहरू सुन्न पाइन्छन्। यद्यपि यस कुरालाई मान्दै पनि आएका छन्। राईका गद्याख्यानमा भूतप्रेत, जोगी, धामीझाक्री, लागलगनजस्ता लोकविश्वासको वर्णन पाइन्छन्। जस्तैः "रात्री अन्धकारका प्राणीहरू रमरम्ती डुल्दा रहेछन्, सुतेका हामीहरूलाई हेरेर जान्छन् होला, कालो रातमा झन् कालो तिनीहरूको आकार उभिएको र आइरहेको म आँखा फोरेर देख्न सक्थें।"[२९] यस्ता विश्वास नेपाली लोकजीवनमा सामान्य घटनाक्रम हो। तर "[तपाईंको मनमा अँध्यारो रहस्यहरू जम्मा हुन थालेछ]"[३०] ले मनोवैज्ञानिक विषयमा राई सचेत छन् भन्ने बुझिन्छ। यसर्थ राईका आख्यानीकरणको सिप कल्पित र सपाट नभएर सचेत र वैज्ञानिक परिपाटीको देखिन्छ। यस दृष्टिले 'मेरी दिदी' पनि राईको सुन्दर कथा हो।

नेपाली लोकजीवनमा भूतप्रेतलाई जस्तै जोगी, साधुसन्तमा पनि विभिन्न लोकविश्वासहरू प्रचलित छन्। जोगी, साधुसन्तले भूतप्रेतजस्ता द्वन्द्वी शक्तिलाई आह्वान गरेर हिँड्न सक्छन् र त्यसलाई नियन्त्रण गर्न सक्छन् भन्ने विश्वास लोकजीवनमा छ। जस्तैः "आज पनि मेरो जोगी फेरी बजाएर रातमा समग्र द्वन्द्वी शक्तिहरूलाई आह्वान गरेर हिँड्छ।"[३१] फाप-अफापलाई लिएर पनि नेपाली लोकजीवनमा विभिन्न विश्वासहरू प्रचलित छन्। विशेष यस्तो विश्वास मानिसको शारीरिक र मानवेतर प्राणीको अनुक्रियासित गरिन्छ। शिरदेखि पाउसम्मका शारीरिक

---

२४ इन्द्रबहादुर राई, सन् २००४, इन्द्र सम्पूर्ण, 'जार : भएकै एउटा कथा', पूर्ववत्, पृ ३५

२५ इन्द्रबहादुर राई, सन् १९७२, कथास्था, 'एउटा दिनको सामान्यता', पूर्ववत्, पृ २

२६ इन्द्रबहादुर राई, सन् २००४, इन्द्र सम्पूर्ण, 'जार : भएकै एउटा कथा', पूर्ववत्, पृ ३५

२७ इन्द्रबहादुर राई,पाँचौँ संस्करण सन् २००५, आज रमिता छ, पूर्ववत्, पृ ६८

२८ कृष्णप्रसाद भण्डारी, सन् २००६, मनको रोग, साझा प्रकाशन, ललितपुर, पृ १०-११

२९ इन्द्रबहादुर राई, सन् १९७२, कथास्था, 'एउटा विचारको यात्रापथ', पूर्ववत्, पृ १४

३० इन्द्रबहादुर राई, सन् १९७२, कथास्था, 'एउटा विचारको यात्रापथ', पूर्ववत्, पृ १४

३१ इन्द्रबहादुर राई, सन् १९७२, कथास्था, 'एउटा विचारको यात्रापथ', पूर्ववत्, पृ १५

प्रत्येक अङ्गका केही न केही मान्यता रहेकै छन्। राईका गद्याख्यानमा मानिसको शारीरिक अनुक्रियासित लोकजीवनमा के कस्ता विश्वासहरू छन् भन्ने दृष्टान्त भेटिन्छ। जस्तै :

"वीरमानलाई एकपल्ट अजोय दासले देब्रे हात चल्नेको छोराछोरी जम्ले जन्मन्छ भनेर भन्दिएको थियो।"[32]

" एउटै मात्र चक्र छ मेरो, हेर्नोस् भाउज्यू?........यस्तो मान्छे कि ता राजा हुन्छ अरे कि साधु।"[33]

लोकजीवनमा हातजस्तो एउटा शारीरिक अङ्गलाई लिएर मात्र पनि कति धेरै लोकविश्वासहरू विद्यामान छन् भन्ने अवगत हुन्छ। अतः सामुद्रिक शास्त्र"[34] मा हात र खुट्टाका विषयमा मात्र अनेक लोकधारणाको चर्चा गरिएको थाहा पाइन्छ।

नेपाली लोकजीवनमा पिसाच, पिसाचिनी, टुन्याही, पिराही, अलच्छिनी, दुष्ट स्वास्नी मान्छे, बोक्सीलाई लिएर अन्धविश्वास अहिलेदेखि चल्दै आएको छ। राईका गद्याख्यानमा लोकजीवनमा गाडिएर बसेका यस्ता अन्धविश्वासहरू कति व्यावहारिक रूपमा प्रचलित छन् भन्ने दृष्टिगोचर हुन्छ। जस्तैः "बाटोसँग तिमीलाई बोक्सी लागेको छ, सानैदेखि।"[35]

हिन्दीका विद्वान् कृष्णदेव उपाध्यायले लोकविश्वासको आधारभूमि मानव हृदयलाई मान्छन्। जबसम्म मानव हृदय रहन्छ तबसम्म शिक्षित अशिक्षित सबैमा लोकविश्वासप्रति आस्था कुनै न कुनै रूपमा विद्यमान रहन्छ।"[36] यस दृष्टिले राईका गद्याख्यानमा शिक्षित र अल्पशिक्षितहरूमा पाइने लोकविश्वासप्रति आस्था पाइन्छ। जस्तै :

"म बिहीबार मात्र कुट्दिनँ। अरू दिन तिमीहरूले बदमासी गऱ्यौ कि कुटिहाल्छु। भनेर सानो छँदा रवि र दिव्यालाई जनकले भनेको तिनले सम्झाइन्।"[37]

"बाबुनीले बाकसदेखि दुई माना चामल नाङ्लोमा निकालिन्; फेरि नाङ्लोदेखि अलिकति टिपेर बाकसमा हालिन्।"[38] यसबाट के बुझ्न सकिन्छ भने आधुनिक लोकव्यवहार र लोकविश्वासमा हिजोको जीवनशैली कतै न कतै रूपान्तरित भएकै छ।

## ३. उपसंहार

लोकविश्वास लोकसंस्कृति तथा लोकवार्ताको एक अत्यन्त महत्वपूर्ण अङ्ग रहिआएको कुरा विद्वान्हरू स्विकार्छन्। मानव जीवनमा लोकविश्वासको जति प्रधानता छ, लोकसंस्कृतिका अरू विषयमा त्यति नभएको भारतीय विद्वान्हरूको विचार छ। लोकविश्वासमा एउटा जाति र क्षेत्रको सिङ्गो तस्विर खिँचिएको हुन्छ। जसमा त्यस जातिको सांस्कृतिक संरचना निर्माणाधीन हुन्छ। यस दृष्टिले दार्जिलिङको लोकजीवनमा प्रचलित मूल्य मान्यता तथा लोकविश्वास, लोकआस्था के कस्ता छन् त्यसको बिम्ब इन्द्रबहादुर राईका गद्याख्यानमा उतारिएको पाइन्छ। इन्द्रबहादुर राई प्रयोगवादी चिन्तनशील स्रष्टा हुन्। उनका गद्याख्यानमा अलग अलग प्रयोग र चिन्तन भेटिन्छ तर ती सबैलाई एउटामा समेट्ने बलियो सूत्र लोकसंस्कृतिको आधार हो। सामाजिक यथार्थ, विसङ्गतिमूलक, आयामेली आस्थापरक, लीला लेखनजस्ता गद्याख्यानात्मक सिर्जनकर्ममा समतुल्य लोकसंस्कृतिको आभिर्भाव भएको देखिन्छ। जसमध्ये लोकविश्वास पनि

---

३२ इन्द्रबहादुर राई, पाँचौँ संस्करण सन् २००५, आज रमिता छ, पूर्ववत्, पृ १२

३३ इन्द्रबहादुर राई, पाँचौँ संस्करण सन् २००५, आज रमिता छ, पूर्ववत्, पृ १२

३४ कृष्णदेव उपाध्याय, सन् २००९, लोक संस्कृति की रूपरेखा, लोकभारती प्रकाशन, इलाहाबाद, पृ १५९

३५ इन्द्रबहादुर राई, सन् १९७२, कथास्था, आकारहरू छायाहरू, पूर्ववत्, पृ ५०

३६ कृष्णदेव उपाध्याय, सन् २००९, लोक संस्कृति की रूपरेखा, पूर्ववत्, पृ १६

३७ इन्द्रबहादुर राई, पाँचौँ संस्करण सन् २००५, आज रमिता छ, पूर्ववत्, पृ ५७

३८ इन्द्रबहादुर राई, पाँचौँ संस्करण सन् २००५, आज रमिता छ, पूर्ववत्, पृ २१

ISSN:2278-280X

एउटा हो।

सन्दर्भ ग्रन्थसूची -


१. उपाध्याय, कृष्णदेव, सन् १९९१, भारतीय लोक विश्वास, हिन्दुस्तानी एकेडमी इलाहाबाद

२. दिवस, तुलसी (सम्पा), सन् १९२१, नेपाली लोक संस्कृति संगोष्ठी, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौँ

३. ढनडेस, एलेन, सन् १९८०, इन्टरप्रिटिङ फोकलोर, अमेरिका

४. बन्धु, चूडामणि, सन् २००१, नेपाली लोकसाहित्य, एकता बुक्स

५. राई, इन्द्रबहादुर, तेस्रो संस्करण सन् १९९४, आज रमिता छ, काठमाडौँ, साझा प्रकाशन

६. राई, इन्द्रबहादुर सन् २००४, इन्द्र सम्पूर्ण, विजयकुमार राई (सम्पा), निर्माण प्रकाशन

७. राई, इन्द्रबहादुर, सन् १९७२, कथास्था, दार्जीलिङ, नेपाली साहित्य परिषद्का निम्ति श्याम प्रकाशनद्वारा प्रकाशित

८. राई, इन्द्रबहादुर, सन् १९८९, कठपुतलीको मन, कलकत्ता, श्रीमती इन्द्र प्रधान

९. बर्न, सोफिया, सन् १९१४, द हेन्ड बुक अफ फोकलोर, लन्डन, जेकसन लिमिटेड


१०. श्रेष्ठ, तेजप्रकाश, सन् २००३, नेपाली लोकसंस्कृति केही सम्पदा, केही परम्परा, ललितपुर, साझा प्रकाशन


११. सत्येन्द्र, सन् १९७१, लोक साहित्य विज्ञान, शिवलाल अग्रवाल एन्ड कम्पनी

१२. सुवेदी, हंसपुरे, सन् १९९८, नेपाली लोकजीवन : लोकविश्वास, साझा प्रकाशन


१३. सत्येन्द्र, सन् १९७१, लोक साहित्य विज्ञान, शिवलाल अग्रवाल एन्ड कम्पनी

इन्द्रबहादुर राईकै हस्ताक्षरमा तयार गरिएको 'निष्काम' उपन्यासको आवरण पृष्ठ





सौजन्य : मूर्तीकार अमीर सुन्दासले हातले बनाएको इन्द्रबहादुर राईको तस्वीर